मुख्यमन्त्री

गण्डकी प्रदेश
पोखरा, नेपाल

## विजय दशमी २०७९ को शुभकामना

स्वदेश तथा विदेशमा रहनुहुने नेपाली दाजुभाइ दिदीबहिनीहरुमा विजयादशमी २०७९ का अवसरमा सुस्वास्थ्य, समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

हाम्रो देश नेपाल बहुसांस्कृतिक, बहुजातीय, बहुभाषिक एवं बहुधार्मिक विविधताले भरिपूर्ण छ । विविधताबीचको एकता नै हामी नेपालीको विशेषता हो । मुलुकभित्र प्रचलित संस्कृति, परम्परा एवं सभ्यताको जगेर्ना गर्नु हामी नेपालीको साझा दायित्व हो । विविधताबीचको एकतालाई थप मजबुत बनाउन दसैं र यस्ता पर्वहरुले अभूतपूर्ण भूमिका निर्वाह गर्दै आएको हामी पाउँछौं । सञ्चार, प्रविधि र यातायात सेवाका कारण पर्व मनाउने शैली फेरिएको छ । हाम्रा मौलिक पर्वसँग गाँसिएका वैज्ञानिक एवं मानवीय जीवनसँग जोडिएका सकारात्मक पक्षका बारेमा वर्तमान पुस्तालाई बुझाउन जरुरी छ । पर्वसँग जोडिएका मूल्य, मान्यता एवं संस्कारहरुले मुलुकलाई समृद्धिको शिखरमा पुऱ्याउन सहयोग पुग्नेमा म विश्वस्त छु ।

विजयादशमी २०७९ लाई आपसी सद्भाव, भाइचारा र मित्रवत् सम्बन्ध विकास गर्ने अवसर प्रदान गर्ने पर्वका रुपमा मनाउन प्रदेशवासी, सम्पूर्ण नेपालीमा हार्दिक अनुरोध गर्दछु । महामारीका रुपमा फैलिएको डेंगीबाट जोगिन आवश्यक मापदण्ड पूर्णरुपमा अवलम्बन गरी पर्वको खुसियाली साट्न हार्दिक अपिल गर्दछु ।

२०७९ असोज १८

कृष्णचन्द्र नेपाली पोखरेल